आर्थिक वर्ष २०७९/०८० को

# बार्षिक निति तथा कार्यक्रम

मष्टा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भातेखोला, बझाङ्ग

सुदूरपश्चिम प्रदेश

मष्टा गाउँपालिका

आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

गाउँसभाका सदस्यहरु,

उपस्थित गाउँपालिकाका उपाध्यक्ष, गाउँसभाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी साथिहरु, पत्रकार बन्दु, सुरक्षाकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरु, सर्वप्रथम मष्टा गाउँपालिकाको गाउँसभाको छैटौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

मष्टा गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम, यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म, नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय सुशासनको लागि नेपाली जनताले गर्दै आएको विभिन्न ऐतिहासिक जनआन्दोलनमा जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरुप्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु ।

मुलुक सार्वभौमकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको कठीन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदारणीय अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । गाउँवस्तीमा विकास र परिवर्तनका लागि अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने घाइते, अपाङ्ग, सहित, उपाध्यक्ष, वडाध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, गाउँसभाका सदस्यहरु, कार्यालय प्रमुख लगायत प्रशासनीक कर्मचारीहरु, शिक्षक, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय स्वयंसेवक, सुरक्षाकर्मी, समाजिक संघ संस्था, नीजि तथा ब्यवसायिक क्षेत्र, सञ्चारजगत तथा राहत कार्यमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरु लगायत सम्पूर्ण गाउँवासीको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

मष्टा गाउँपालिकालाई नमुना गाउँपालिका वनाउनका लागि नव निर्वाचित जनप्रतिनिधिहरुलाई गाउँवासीहरुले दिएको साथ, सहयोग, अगाध माया र ममताबाट प्ररित भई हामिले मष्टा गाउँपालिकालाई कृषिमा आत्मनिर्भर, गरिवी निवारण, रोजगारी सिर्जना गरी खुसी मष्टाबासी र समुन्नत मष्टा गाउँपालिका बनाउने गरी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम गाउँ सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

१) गाउँपालिकामा संचालित लघु जलविद्युतलाई व्यवस्थित गर्दै अध्यायरो मुक्त र उज्यालो युक्त गाउँपालिकाको अभियानलाई साकार पार्न मष्टा गाउँपालिकामा विद्युतको राष्ट्रिय प्रसारण लाईनको विस्तार गर्दै गाउँवस्तीलाई झिलिमिली पारिनेछ ।

२. भौगोलिक कठिनाई, आर्थिक अभावको बावजुत पनि तीनै तहको सरकारसँग समन्वय तथा सहजिकरण गर्दै यस मष्टा गाउँपालिकाले सवै वडा कार्यालय लगायत सवै बस्तीहरुलाई सडक सञ्जाल जोड्नका लागि आवश्यक व्यवस्थामिलाइएको छ ।

३. गाउँपालिकामा पूर्वाधार विकास गरी समुन्नत गाउँपालिका बनाउने क्रममा क्रमशः गाउँपालिका क्षेत्रभित्र रहेका काठे पुल विस्तापित गर्दै बाँकी रहेका रिलु गाड, घुमरेना, मजेरीघाट, दोगाडे, रनकुरयाला, खिकाला, पातलगाडलुरा, घट्टयावगर, उदयपूर, सेरा झोलुंगेपुल निर्माण गरिनेछ ।

४. निर्माणाधिन वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरुका भवनहरुलाई निरन्तरता दिर्दै भौतिक संरचना सुधार गर्नुपर्ने विद्यालयका भवन, स्वास्थ्य संस्थाका भवनहरु, वडा कार्यालय भवन, गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्न आवश्यक व्यवस्था मिलाइएको छ ।

५. यस मष्टा गाउँपालिकाका धेरै जसो गाउँवस्तीहरुमा खानेपानीको अभाव छ । सो अभावलाई आगामी आर्थिक वर्ष २०८०/०८१ सम्म मष्टा गाउँपालिकाका सबै वस्तीहरुमा शुद्ध खानेपानी उपलव्धता गराइने व्यवस्था मिलाईने छ ।

६. गाउँपालिकाबाट सञ्चालन हुने सम्पूर्ण विकास निर्माणका कार्यहरुमा उच्च सहभागिता वृद्धि गर्दै उच्च स्तरी मेशिनरी तथा निर्माण सामाग्री खरिद हुने योजना बाहेक अन्य योजनामा कुल लागतको ३० प्रतिशत सम्म मात्र पेश्की रकम दिईने नीति लिईनेछ ।

७. गाउँपालिका स्थापनाकाल देखि हालसम्म सञ्चालन भएका सम्पूर्ण योजना र आगामी वर्षका लागि छनौट भएका आयोजनाहरुको एकिकृत गरी योजना बैङ्क निर्माण गरी योजना तथा आयोजना सञ्चालन गरिने व्यवस्था गरिनेछ ।

८. मष्टा गाउँपालिका जल, जंगल, वन्यजन्तु, जडिबुटी र सुन्दर पर्यटकिय स्थलहरुको भण्डारण भएको हुदा उक्त सम्पदाहरुको संरक्षण, व्यवस्थापन तथा समयानुकुल उत्खलन/प्रयोग गरी स्थानीय जनतालाई प्रत्यक्षरुपमा लाभ प्रदान गरिने व्यवस्था मिलाईने छ ।

९. मष्टा गाउँपालिकाका वस्ती सुधार कार्यक्रम, रनाडा मालिका हुदै धनातली, लसुन्तोला, दय मालिका सम्मको पैदल मार्गको पहिचान, डडार मष्टोको मन्दिर निर्माण, तपवनको पर्यटकिय क्षेत्रको विकास, औद्योगिकग्राम, जडिवुटी उद्योग, सडक निर्माणका योजनाहरुलाई गौरवका योजनाहरुको कार्यान्वयन गरिनेछ ।

१०. मष्टा गाउँपालिका भित्रका विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकलाई समयानुकुल तालिमको व्यवस्था, प्रतिस्प्रधी वातावरणको सृर्जनाका साथै शैक्षिक स्तर सुधारका लागि विद्यार्थी शिक्षक अनुपात गणना गरी करार तथा स्वयम् **सेवक शिक्षक कर्मचारीको नियुक्ति** गर्ने नीतिहरु अवलम्वन गरिनेछ ।

११. समावेशी शिक्षा शैक्षिक गुणस्तर वृद्धि गर्न आर्थिक तथा विपन्न, दलित, जनजातिका बालबालिकाहरुलाई छात्रवृत्तीको व्यवस्था, गाउँपालिका भरिका सवै सामुदायिक विद्यालयहरुमा परिक्षा प्रणालीको एकरुपता र शैक्षिक सत्रको सुरुवातमै पाठ्यपुस्तक उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

१२. गाउँपालिकामा व्यवस्थित एउटा क्याम्पसको स्थापना, डिप्लोमा तहको प्राविधिक शिक्षालयको स्थापना,गाउँपालिका क्षेत्रभित्रमा रहेका माध्यामिक विद्यालयलाई निदिष्ट सूचकका आधारमा नमुना विद्यालय घोषणा तथा माविलाई उच्च माध्यामिक विद्यालय बनाउन आवश्यक व्यवस्था मिलाएको छ ।

१३. समाजमा रहेका विकृति र विसंगतिको अन्य, वृक्षारोषण, विपद व्यवस्थापन, गाउँघर सरसफाई तथा स्वच्छता कायम गर्न र कृषि क्षेत्रको विकास र सुधार गर्नका लागि विद्यालय र गाउँपालिका साँझेदारी कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

१४. शिक्षण सिकाईमा प्रविधिको प्रयोगका लागि सवै विधालयहरुमा आधारभूत प्रविधिको जडान, इन्टरनेट सेवा तथा माध्यामिक विद्यालयका सवै क्रियाकलापहरु प्रविधिमार्फत हुनेगरी द्रुत गतिको इन्टरनेट सेवाको विस्तार गरिनेछ ।

१५. उच्च शिक्षा हाँसिल गर्न चाहने टुहुरा, अनाथ, विपन्न तथा जेहन्दार विद्यार्थीहरुको अध्ययनमा सहयोग पुऱ्याउनका लागि अध्यक्ष छात्रवृत्ति अक्षय कोष कार्यक्रमलाई कार्यान्वयनमा लाईनेछ । उक्त कोषबाट एमविविस र एमफिल अध्ययन गर्नेहरुलाई निर्देशिका वमोजिम खर्च गरिनेछ ।

१६. गाउँपालिकामा संचालित विद्यालयमा कक्षा आठ, एसइइ, कक्षा १२ र प्राविधिक क्षेत्रमा उत्कृष्ठ हुने विद्यार्थीलाई उत्कृष्ठ विद्यार्थीएवार्ड, गाउँपालिमा उत्कृष्ठ काम गर्ने कर्मचारीलाई उत्कृष्ठ कर्मचारी एवार्ड, विद्यालयका शिक्षकलाई मष्टादेव शैक्षिक एवार्डबाट सम्मानित गर्ने व्यवस्था मिलाइने छ ।

१७. अध्ययन संस्कृतिको विकास गर्न, असल सिकाईको आदानप्रदान गर्न र ज्ञानको दायरा वढाउनका लागि गाउँपालिकाको पाएकपर्ने स्थानमा सुविधा सम्पन्न पुस्तकालयको स्थापना गरिनेछ ।

१८. गाउँपालिकाका प्रत्येक विद्यालयका शिक्षकलाई गुणस्तरीय जीवन उपयोगि र आजको आवश्यकता अनुसारका तालिम, प्रशिक्षण तथा अभिमूखिकरण कार्यक्र संचालन गरिनेछ ।

१९. गाउँपालिका विद्यालयको नियमित अनुगमनलाई प्रभावकारी वनाईनेछ । विद्यालयसँग सरोकारवाला व्यक्ति तथा निकायहरुको संलग्न अनुगमन टोलीको प्रतिवेदनका आधारमा विद्यालयलाई प्रोत्साहन, सेवा सुविधा र अनुदानको व्यवस्था मिलाइनेछ ।

२०. गाउँपालिकाका सवै विद्यालयहरुमा अनिवार्य शुक्रवार्षिय कार्यक्रमहरु जस्तै हाजिर जवाफ, वक्तृत्वकला, निवन्ध, वादविवाद, चित्रकला आदि अतिरिक्त क्रियाकलापहरु संचालन गरी वाल प्रतिभालाई प्रस्फुटन गर्ने व्यवस्था मिलाइएको छ ।

२१. "**स्वास्थका लागि खेलकुद राष्टका लागि खेलकुद**" नारालाई साकार पार्न खेलाडीहरु उत्पादनमा जोड दिदै राष्ट्रपति रनिङ्गसिल्ड र गाउँपालिका अध्यक्ष कप जस्ता खेलकुद प्रतियोगिता लगायत अन्य अतिरिक्त क्रियाकलापहरुलाई निरन्तरता दिने नीति लिईने छ ।

२२. गाउँपालिका भित्रका सुकुम्वासी, घरवारविहिन र खरको छानो भएका परिवारका लागि जस्तापाताको घर निर्माण गर्ने सुरक्षित आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२३. किसान, मजदुर, दलित, विभिन्न जनआन्दोलनका घाईते तथा अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरु, सहित परिवारसँग हातेमालो गर्दै उनीहरुका दुख, पिर, मर्कालाई सम्वोधन गर्ने गरी **विपन्न नागरिकसँग अध्यक्ष र युवासँग उपाध्यक्ष कार्यक्रमलाई** निरन्तरता दिईनेछ ।

२४. म सफा मेरो पालिका स्वस्थ भन्ने नारालाई साकार पार्न आफ्नो टोल र आफ्नो समुदायलाई पूर्णरुपमा सरसफाई पार्न आवश्यक पर्ने स्वास्थ्य सामग्रीहरुको उपलव्धता र जनचेतनामूलक कार्यक्रम संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२५. समय समयमा नागरिक माथि आईपर्ने महामारी तथा सर्ने नसर्ने रोगहरुलाई रोकथाम तथा नियन्त्रण गर्न र सम्पूर्ण जनस्वास्थ्यका कार्यक्रमहरुलाई चुस्तदुरुस्तका साथै थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइएको छु ।

२६. मष्टा वासीलाई स्वास्थ सेवाको पहुँच उपलब्ध गराउनका लागि प्रत्येक बडामा आधारभूत स्वास्थ्य सेवाको स्थापना गरिने छ । उक्त आधारभूत स्वास्थ्य सेवाकेन्द्रबाट गुणस्तरीय स्वास्थ्यसेवा प्रदान गर्नुका लागि आवश्यक औषधि तथा उपकरण खरिदका लागि आवश्यक बजेटको व्यवस्था गरिनुका साथै प्रत्येक बस्तीमा नियमित गाउँघर क्लीनिक कार्यक्रम संचालन गरिनेछ ।

२७. स्वच्छ वातावरण र सफा गाउँपालिका निर्माण गर्नका लागि गाउँपालिका केन्द्र तथा आवश्यकता अनुसार अन्य स्थानमा फोहर जम्मा गर्नका लागि डम्पिङ्ग खाडल निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

२८. सामान्य खालका रोग लाग्दा गाउँपालिका भन्दा बाहिर उपचारका लागि जाने प्रवृत्तिलाई अन्त्य गर्नका लागि गाउँपालिका केन्द्रमा टेक्निकल ल्याव सहितको दक्ष जनशक्ति भएको १५ सैयाको अस्पताल निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

२९. नागरिकलाई सर्वसूलभ तरिकाले स्वास्थ्य सेवा उपलव्धताका लागि एम्बुलेन्स व्यवस्था गरिएको हुँदा उक्त एम्वुलेन्स नागरिकहरुले सरल तरिकाले उपभोग गर्नका लागि आवश्यक व्यवस्था मिलाउदै जोखिममा परेका सुत्केरी आमाहरुलाई निशुल्क एम्वुलेन्स सेवा उपलव्ध गराउने व्यवस्था मिलाईनेछ ।

३०. जेष्ठ नागरिक, असाहाय, अपाङ्ग, एकल, गर्भवती महिला, तथा बालबालिकाको स्वास्थ्य स्तीथि सुधारका लागि आवश्यक घुम्ती शिविर संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छु ।

३१. विभिन्न राष्ट्रिय अभियानहरु भिटामिन, खोप, ओषधि वितरण, परिवार नियोजनका साधानलाई प्रभावकारी बनाउन स्वयम्सेवकहरुलाई परिचालन गर्न आवश्यक वजेटको व्यवस्था मिलाइएको छ ।

३२. परम्परागत चिकित्सा आयुर्वेदका क्षेत्रमा काम गरिरहेका बैद्यहरुको क्षमता अभिवृद्धि गरी आवश्यक चिकित्सा सामाग्रीहरुको उपलव्धता गर्नुका साथै आयुर्वेद तथा योग शिक्षालाई जीवन उपयोगी शिक्षाकारुपमा प्रयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

३३. गाउँपालिकाका सम्पूर्ण नागरिकहरु आर्थिक, सामाजिक तथा राजनैतिकरुपमा सक्षम बनाउनका लागि बहु क्षेत्रिय पोषण कार्यक्रम लगायतका क्रियाकलापलाई निरन्तरा दिदै सक्षम नागरिक निर्माण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

३४. मष्टा गाउँपालिकाका विभिन्न वडाहरुमा माटोलाई परिक्षण गरी माटो सुहाउदो पकेट क्षेत्र (फलफूल, तरकारी, तलहन, आलु, मसला, नगदे तथा खाद्यान्न वालि) कोरुपमा विकास गरी सोकार्य गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३५. बस्ती स्तरमा नै उत्पादन हुने रैथाने बालीहरु (जौं, उवा, कोदो, चिनु, कागुनु, फापर, सिमि) को संरक्षण, सर्म्बद्धन तथा उत्पादन वृद्धि गर्ने कार्यक्रम लाईनेछ । कृषकले उत्पादन वृद्धि गरी बजारिकरणको समस्या भएमा खरिद, विक्रि र वितरणका लागि गाउँपालिकाले आवश्यक पहल गरिनेछ ।

३६. मौसमी तथा बेमौसमी तरकारी तथा फलफूल उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन दिने कार्यक्रम संचालन गर्नुका साथै त्यस्ता फलफूल तथा तरकारी उत्पादन गर्ने कृषक तथा कृषक समुहहरुलाई आवश्यक विउविजन, कृषि औजार तथा उपकरण, तालिम र भ्रमणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३७. मष्टा गाउँपालिका क्षेत्रभित्र पालिने भेडा, च्याँग्रा, बाखाहरुको उत्पादन केन्द्र तथा पकेट क्षेत्रको रुपमा विकास व्यवस्था गरिनुका साथै तीनै तहका सरकार, नीजि क्षेत्र र विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय संघसंस्थासंग साझेदारीमा कृषि र पशुपंक्षिमा आधारित उद्योगको स्थापना र संचालन गरी गरिवी न्युनिकरण गर्ने नीति लिइएको छ ।

३८. पशुपंछीका संक्रामक रोगहरुको न्युनिकरणगरि कृषकको उत्पादन लागत घटाउन तथा आम्दानी बढाउन सात ओटै वडाहरुमा पशुपंक्षिउपचार केन्द्रको स्थापना गरिने छ ।

३९. व्यवसायरुपमा पशुपालनमा नश्ल सुधारका लागि कृषक तथा कृषक समुहलाई उन्नत खालका बोका, थुमा, राँगा र साँडे उपलव्ध गराउदै आइराखेका क्रियाकलापहरुलाई निरन्तरता दिनुका साथै उन्नत खालका पशुहरु खरिद गरी व्यवसायी रुपमा पशुपालन गर्ने इच्छुक कृषक तथा कृषक समुहलाई ५० प्रतिशत खरिद अनुदान र सत प्रतिशत ढुवानीको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४०. भुक्षय नियन्त्रण तथा पशु आहारालाई टेवा पुर्‍याउने उद्वेश्यले खाली रहेको बाँझो जमिन र रोडाको छउछाउको सदुपयोग गरि विभिन्न बहुवर्षिय घाँस खेतीको विस्तार गरिने छ ।

४१. दलितहरुको परम्परागत सीपलाई आधुनिकीकरण गर्दै एक घर एक उद्यम, एक दलित वस्ती एक उद्योगका र पशुपालन व्यवसायमा आधारित पशुजन्य उद्योगहरु (जस्तै छाला प्रशोधन, मासु वधशाला, टाँक, जुता, फालामे सामग्री, ठेकी भाँडाकुडा, डेरी, चिजआदि) को स्थापना गरिनेछ । उक्त उद्योगबाट उत्पादित वस्तुको बजारिकरणका लागि आवश्यक गाउँपालिकाले सहजिकरण गर्ने नीति लिईएको छ ।

४२. मष्टा गाउँपालिलाई कृषि तथा पशुपंक्षि क्षेत्रको उत्पादनमा वृद्धि गरी तरकारी, आलु, दुध, मासु, अण्डा, दलहन, तेल र ध्यूमा आत्मनिर्भर बनाईने छ । सोका लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छु ।

४३. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका लागि दय दँगाडे देखि किनाडा, रनाडा देखि सौउदेउ र तल्कोट मेलविसौना देखि सेरुपैल किनाडा सम्मको सिचाई कुलो निर्माणका लागि लागि आवश्यक बजेटको व्यवस्था मिलाईने छ भने धनालोली देखि भातेखोलासम्मको सिचाई कुलोको निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

४४. मष्टा गाउँपालिकाका किसानहरुले उत्पादित कृषि उपजलाई सुरक्षित राख्न र उत्पादित वस्तुको संरक्षणका लागि प्राकृतिक चिस्यानलाई जोड दिदै आधुनिक तथा व्यवस्थित चिस्यान केन्द्रको निर्माणका लागि केन्द्र र सघमा पहल गरिनेछ ।

४५. किसानहरुले उत्पादन गरेका कृषि उपजहरुलाई गाउँघरमै खरिद गर्ने व्यवस्था मिलाइनेछ । त्यसका लागि प्रत्येक वर्डाहरुमा कृषि उपज संकलन केन्द्रको स्थापना, कृषि एम्वुलेन्स सेवाको संचालन र उक्त केन्द्रमा संकलित कृषि उपजलाई सहकारी तथा कुनै तेस्रो पक्षबाट खरिद र विक्रि वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

४६. "**मष्टा वासीको सान, स्थानीय उत्पादनको पहिचान**"स्थानीय कृषकको उत्पादनलाई स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रवर्द्धन र वजारीकरणका लागि उपयुक्त स्थानहरुमा मष्टा कोसेली घरको स्थापना र संचालन गरिनेछ । उक्त केन्द्रवाट स्थानीय उत्पादित वस्तुहरुको विक्रि वितरण र प्रचार प्रसार गर्ने नीति अवलम्वन गरिनेछ ।

४७. **"हाम्रो नमुना गाउँ, स्वच्छ, सफा र हरियाली वनाऔं**" नारालाई साकार पार्न सार्वजनिक नीजि साँझेदारी कार्यक्रम मार्फत **बस्ती सुधार कार्यक्रमहरु संचालन** गरिनेछ । उक्त कार्यक्रम संचालन गर्न गाउँले र गाउँपालिकाको साँझेदारीमा गाउँवस्तीहरुमा ढल, बाटो, खानेपानी, सौचालय, करेसावारी, फुलवारी, सामुदायिक भवन वनाउने नीति लिएको छ ।

४८. मष्टा गाउँपालिकामा पाईने केतुके, अल्लो, लोक्ता, भाङ्गो जस्ता गैरकाष्ठ बन पैदावारमा आधारित साना उद्योगको स्थापनाका साथै तोरी, ओखर, ढटेलो, टिम्वुर आदिलाई प्रशोधन गरी तेल उत्पादन उद्योग स्थापना गरी रोजगारी सिर्जना गर्न आवश्यक पहल गरिने नीति लिईएको छ ।

४९. भारत लगायत अन्य मुलुकमा रोजगारीका लागि ठूलो संख्यामा युवाहरु विदेशीने गरेको हुँदा उक्त युवाहरुलाई स्वदेशमै रोजगारी तथा आत्मनिर्भर वनाउनका लागिस्थानीय स्तरमा प्राकृतिक स्रोत

साधानको पहिचान, प्रयोग र परिचालन गरी “**एक घर एक रोजगार, एक गाउँ अनेक उत्पादन, एक वडा अनेक उधान र उधमशिलता”** विकास गर्न आवश्यक कार्यक्रमहरुको तय गरी संचालन गर्ने नीति लिईएको छ ।

५०. गाउँपालिका स्थापना भए देखि नै विभिन्न क्षेत्रमा सीपमूलक तालिम दिइने कार्यलाई निरन्तरता दिइनुका साथै चालु आ.व. मा उक्त तालिम लिएका व्यक्तिहरुको स्तर उन्नती गर्नुका साथै थप जनशक्तिलाई सीपमूलक तालिम दिई दक्ष जनशक्ति वृद्धि गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५१. विभिन्न कारणले विदेश तथा स्वदेशमा रोजगारी गुमाएका र अन्य वेरोजगार नागरिकहरुको तथ्याङ्क संकलन गरी सीप र क्षमताको आधारमा रोजगारी सिर्जना गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

५२. आजको युग सूचना र सञ्चारको युग हो । सूचना र सञ्चार प्रविधिविना समृद्धिको परिकल्पना गर्न सकिदैन तसर्थ यस क्षेत्रमा इन्टरनेट सहितको सूचना प्रविधिको विकासका लागि सम्वन्धित निकायसँग निरन्तर समन्वय गर्नुका साथै यसै आ.व. भित्र सबै वडा कार्यालयहरुमा इन्टरनेट सुविधा पुऱ्याइनेछ ।

५३. मष्टा गाउँपालिकाका केही क्षेत्रमा हालसम्म झरि परेको समय, विहान, वेलुका र रातीको समयमा टेलिफोनकोसेवा उपलव्ध नभएको हुदा उक्त क्षेत्रहरुमा टेलिफोन सेवाकोप्रभावकारीताका ागि सम्वन्धित निकायसँग समन्वय गरी सो सेवाको उपलव्धता गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

५४. गाउँपालिकाबाट नागरिकहरुलाई प्रदान गरिने सेवाहरुलाई छिटो, छरितो, पारदर्शि र मितव्ययी तरिकाले सेवा उपलव्ध गराउने उद्देश्यले राजश्व, योजना र लेखाबाट प्रदान गरिने सेवालाई सप्टवयरबाट सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिने र अन्य सप्टवयर खरिद तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५५. गाउँपालिकासँग सम्वन्धित परम्परागत तथा आधुनिक सम्पूर्ण तथ्याङ्कलाई एकिकृत गरी अभिलेखिकरण गरी व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

५६. पर्यटन क्षेत्रको संरक्षण, सर्म्वद्धन तथा व्यवस्थित गर्न मष्टा गाउँपालिका भित्र रहेका एतिहासीक धरोहर, मठ मन्दिर, गुम्वाहरुको उचित संरक्षण कार्यलाई निरन्तरता दिंदै यस क्षेत्रको सांस्कृतिक, पर्यटकिय स्थल, स्थानीय कलाकृति, मौलिक साँस्कृतिक परम्परा रीतिरिवाजको जगेर्ना गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

५७. मष्टा गाउँपालिकासँग जोडिएका सेती नदी क्षेत्रमा र्‍याफ्टीङ्ग सेवा संचालन र रनाडा, धनातली, लसुनतोला हुदै मालिका पर्यटकीय स्थलसम्म पदमार्गको पहिचान, रेखाङ्कन र निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

५८. गाउँपालिका भित्रको ऐतिहासिक तथा पुरातात्विक महत्वको क्षेत्रको संरक्षण, संम्वर्द्धन र व्यवस्थापन गर्दै पर्यटन मैत्री पूर्वाधार संरचना निर्माण गर्न तपवन क्षेत्र, ढडार मष्टो मन्दिर र मालिका क्षेत्रलाई पर्यटन क्षेत्रको विकासका लागि विस्तृत पर्यटन गुरुयोजनालाई प्रभावकारी कार्यान्वयन गराइनेछ ।

५९. मष्टा गाउँपालिकामा आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्न स्थानीय संस्कृति, भेषभूषा, मौलिकता र परम्परालाई अर्गानिक घरेलु उत्पादनसँग जोड्दै पर्यटन प्रवर्द्धनका लागी होमस्टे संचालनमा युवाहरुलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

६०. एक व्यक्ति पाँच रुख, सन्तुलित वातावरण जनतालाई सुखभन्ने नारालाई साकार पार्न सफा, स्वच्छ र हरियाली वातावरण प्रर्वद्धनका लागि **वार्ड अध्यक्ष वन संरक्षण अभियान कार्यक्रम** संचालन गरिनेछ । उक्त कार्यक्रम अर्न्तगत वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन गर्न जैविक ईन्जिनियरिङ्ग पद्धतिबाट व्यापक वृक्षारोपण गरी भूक्षय तथा वाढि पहिरो नियन्त्रण र नाँगा डाडापाखाहरुमा वृक्षारोपण गरी हरियाली वनाउने नीति लिइएको छ ।

६१. गाउँपालिकाले सामुदायिक वनको संरक्षण, सम्वर्द्धन र व्यवस्थापन गर्न वनको नविकरण गर्ने र वनबाट उत्पादित वस्तुहरुको विक्रि वितरणबाट आएको आम्दानीबाट निश्चित प्रतिशत कर उठाउने नीति लिएको छु ।

६२. मष्टा गाउँपालिकामा वसोवास गर्ने दलित, महिला, अल्पसंख्यक तथा सिमान्तकृत वर्गहरुलाई राज्य सत्ताको मुल प्रवाहमा ल्याउन विभिन्न सीपमूलक तालिम, जनचेतनामूलक कार्यक्रम, आरक्षण कोटाको व्यवस्थापन तथा वर्ग अनुकूल विकास निर्माण कार्यहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

६३. नागरिकहरुको सुरक्षाका लागि राज्यबाट सामाजिक सुरक्षाको व्यवस्था गरिएको हुदा कोहि पनि नागरिकहरुउक्त सेवाबाट बञ्चीत नहुन भन्ने उद्देश्यले समयानुकुल सो तथ्याङ्कहरुलाई अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिदै समाजिक सुरक्षा रकम समयमा नै प्राप्त, पारदर्शिता तथा मितव्ययी तरिकाले वितरण गर्न बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा रकमलाई व्यवस्थित गर्ने नीति लिइएको छ । साथै सामाजिक सुरक्षा भत्तालाई जेष्ठ नागरिकहरुको सहजताका लागि घरदैलोमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था निलाइने छ ।

६४. गाउँपालिका भित्र अपाङ्ग तथा जेष्ठ नागरिक, एकल महिला, विधुवा र विधुरहरुको पहिचान गरी समय अनुकूल परिचयपत्र वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६५. गाउँपालिका भित्रका ४० देखि ६८ वर्षका विदुर पुरुषहरुको तथ्याङ्क संकलन गरि उनीहरुलाई मासिक १००० का दरले एकल पुरुष भत्ता (विदुर) उपलव्ध गराउने व्यवस्था मिलाईने छ ।

६६. समाजमा परम्परादेखि जरा गाडि राखेका सामाजिक कुप्रर्थाहरुलाई निर्मूल गर्नका लागि सचेतनामूलक कार्यक्रम, आवश्यक सामाग्रीको व्यवस्था र समयमै न्यायको उपलव्धता दिने कार्यलाई निरन्तरता दिनुका साथै उक्त कार्यलाई थप प्रभावकारी बनाई सामाजिक कुप्रर्थालाई पूर्णरुपमा अन्त्य गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६७. यस गाउँपालिकामा लागु भएका सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्रदान गरिने सेवाहरुलाई एकद्वार प्रणालीबाट सेवा प्रदान गरिने व्यवस्थालाई निरन्तरता दिनुका साथै उक्त सेवालाई नागरिकको आवश्यकता अनुरुप भए नभएको आवश्यक मूल्याङ्कन तथा अनुगमन गरी नागरिकहरुलाई छिटो छरितो सेवाको उपभोग गर्ने व्यवस्था मिलाईने छ ।

६८. गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई सेवाग्राही मैत्री बनाउन कर्मचारीहरुलाई चेन अफ कमान्ड मार्फत जनउत्तरदायि, जवाफदेहि, पारदर्शि र मितव्ययि तरिकाले सेवा प्रदान गर्न कर्मचारी आचारसंहिताको पूर्ण रुपमा पालना गर्ने व्यवस्था मिलाईनेछ ।

६९. सर्म्वृद्ध र सन्तुलित गाउँपालिका विकासका लागि आवश्यकता अनुसार सल्लाहकारहरु, विषय विज्ञ, मेलमिलाप कर्ता, गाउँप्रहरी लगायतका अन्य जनशक्ति नियुक्ति तथा व्यवस्थापन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७०. गाउँपालिकामा रहेका दक्ष तथा प्राविधिक जनशक्तिहरुको तथ्याङ्क संचालन गरी गाउँपालिकाले आवश्यकता अनुसार परिचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७१. गाउँपालिकाका नागरिकलाई गुणस्तर सेवा प्रदान तथा आधुनिक तरिकाले समायनुकुल विकासका लागि आवश्यक अनुरुप जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।

७२. हालसम्म गाउँपालिका संचालनका लागि आवश्यक ऐन, नियम, विनियमावली र कार्यविधि लगायतका कानुनहरु निर्माण नभएकोले उक्त कानुनको निर्माण गरि लागु गरिने व्यवस्था मिलाईनेछ ।

७३. गाउँपालिका स्थापना भए देखि हालसम्म सञ्चालनमा भएका सम्पूर्ण क्रियाकलापको अभिलेखिकरण गरिनुका साथै आगामि वर्षमा सम्पादन गरिने क्रियाकलापहरुको अभिलेखिकरण गर्ने व्यवस्था मिलाईने छ ।

७४. मष्टा गाउँपालिकाका नागरिकलाई पूर्वी उत्तरी क्षेत्र रनाडा, धनातली, लटौन, दय लगायतका अन्य क्षेत्रहरुमा अबैधरुपमा जडिवुटी तथा वन्यजन्तुको चोरी शिकारी गर्ने कार्यलाई पूर्ण रुपमा निर्मूल गर्दै उक्त स्थानहरुको सुरक्षाका लागि सुरक्षा बलको स्थापनाका लागि सम्वन्धित निकायसँग आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ ।

७५. नागरिकलाई प्रदान गर्ने सेवाको गुणस्तरमा वृद्धि गरी सुशासनयुक्त गाउँपालिका वनाउन नागरिक वडापत्र, सोधपुछ कक्ष, सामुदायिक मेलमिलाप केन्द्रको स्थापना, गुनासो सुनुवाई कक्षको व्यवस्था, सार्वजनिक सुनुवाई तथा हटलाईन संयन्त्रको विकास गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

७६. गाउँपालिका भित्र संचालन गर्ने सम्पूर्ण व्यवसायीलाई व्यवस्थित रुपमा संचालन गर्न, करको दायरा वृद्धि र तथ्याङ्कमा अद्यावधिक गर्नका लागि गाउँपालिकामा अनिवार्यरुपमा दर्ता गरेर मात्र व्यवसायी सञ्चालन गर्ने नीति लागु गरिनेछ ।

७७. गाउँपालिकाको अल्पकालिन तथा दिर्घकालिन विकासका लागि आवश्यक रणनीतिक तयारी गरी उक्त रणनीतिक परिपुर्तिका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

७८. नागरिकलाई सुरक्षाको प्रत्याभूती दिलाई समग्र गाउँपालिकाको प्राकृतिक एवम् मानव निर्मित सम्पती तथा सम्पदाहरुको संरक्षण गर्न रिलुमा प्रहरी चौकी स्थापनाका लागि सम्वन्धित निकायसँग आवश्यक समन्वय गरी उक्त स्थानमा प्रहरी चौकी स्थापना गर्न पहल गर्ने ।

७९. गाउँपालिका नागरिकहरुलाई सहज तरिकाले खाद्य सामाग्रीहरुको उपलव्धता गराउनका लागि रिलु र नौरामा नुन डिपो राख्न विषेश पहल गरिनेछ ।

८०. सुरक्षित र गुणस्तरीय खाद्यबस्तुको उपलव्धताका लागि उचित मूल्यसूची, सन्तुलित खाद्यवस्तुको विक्रि वितरण, मिसावट तथा म्याद गुर्जेका सामानको विक्रि वितरणमा पूर्ण रुपमा नियन्त्रण गरिने

कार्यलाई निरन्तरता दिदै गाउँपालिकाबाट नियमितरुपमा बजार अनुगमन तथा चेक जाँचको आवश्यक व्यवस्था मिलाईनेछ ।

८१. स्लेट ढुङ्गा, ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि प्राकृतिक एवं नदीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर संकलन गर्न गाउँपालिकाको क्षेत्रभित्रका बगरहरुको प्रारम्भिक वातावरणीय परिक्षण गरी सो सम्वन्धी आय ठेक्का समेत सम्झौता गरी स्थानीय कर संकलन गर्ने नीति लिईएको छ ।

**धन्यवाद,नमस्कार**